**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०४ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ देखि नै सरकारले ग्रामीण भारतका जनतालाई सम्मानजनक जीवन प्रदान गर्ने प्राथमिकताका साथ निरन्तर ग्रामीण भारतको सेवा गर्दै आएको बताउनु भएको छ।
- सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्णवले बालबालिकाहरुलाई परीक्षाको बोझ बोक्नुको साटो लगाव विकास गर्न आग्रह गर्नुभएको छ।
- जीटीए प्रमुख कार्यपाल अनित थापाको उपस्थितिमा आज मिरिक महकुमाको घैयाबारी शान्ती टोलमा नवनिर्मित सार्वजनिक भवनको उद्घाटन गरियो।
- कालेबुङ तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टको फाइनलमा जर्जियन एफसीले प्रवेस गरेको छ।

**प्रधानमन्त्री - ग्रामीण भारत महोत्सव**

प्रधानमन्त्री नरेन्द्र मोदीले ग्रामीण भारतलाई सबल बनाउने सरकारको दृष्टिकोणमा जोड दिनुहुदै गाउँहरूलाई विकास र अवसरको जीवन्त केन्द्रमा रूपान्तरण गरेको बताउनु भएको छ। प्रधानमन्त्री श्री मोदीले सन् २०१४ देखि नै सरकारले ग्रामीण भारतका जनतालाई सम्मानजनक जीवन प्रदान गर्ने प्राथमिकताका साथ निरन्तर ग्रामीण भारतको सेवा गर्दै आएको बताउनु भएको छ। सरकारले गाउँगाउँमा आधारभूत सुविधा पुरयाउने अभियान सञ्चालन गरेको प्रधानमन्त्री श्री मोदीले बताउनु भएको छ। नयाँ दिल्लीको भारत मण्डपममा जारी छ: दिवशीय ग्रामीण भारत महोत्सवको उद्घाटन पछि सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले यस्तो मन्तब्य व्यक्त गर्नुभएको हो। श्री मोदीले भन्नुभयो- आदिवासी क्षेत्रहरूको विकासको लागि प्रधानमन्त्री जनमन योजनाको शुरुवातले दशकौंदेखि विकासबाट बञ्चित भएका क्षेत्रहरूको लागि समान अधिकार सुनिश्चित गरिरहेको छ। उहाँले विगत १० वर्षमा आफ्नो सरकारले विगतका सरकारका धेरै गल्ती सच्याएको टिप्पणी गर्नुहुदै सरकार ग्रामीण विकासमार्फत राष्ट्रिय विकासको मन्त्रका साथ अघि बढिरहेको बताउनु भएको छ।

**एक्जाम वारियर्स आर्ट फेस्टिवल**

सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्णवले बालबालिकाहरुलाई परीक्षाको बोझ बोक्नुको साटो लगाव विकास गर्न आग्रह गर्नुभएको छ। नयाँ दिल्ली नगरपालिका परिषदको परीक्षा योद्धा कला महोत्सवमा बालबालिकाहरु सँग कुराकानी गर्दै उहाँले आफ्नो काम प्रति लगाउ भएको कारणले गर्दा नै सिने कलाकार र खेलाडीले राम्रो प्रदर्शन गर्ने गरेको बताउनु भयो। कार्यक्रममा विभिन्न विद्यालयका लगभग पाँच हजार बालबालिकाहरुको सहभागिता रहेको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले एक भिडियो सन्देशजारी गर्नुहुदै बालबालिकाहरुमाथि परीक्षाको नभई महत्वाकांक्षा र अपेक्षाका कारण बोझ परेको बताउनु भएको छ। उहाँले विद्यार्थीसँग अगाडि बढ्नका लागि धेरै अवसर र विकल्प रहेको बताउनु भएको छ।

**कृषि मंत्री**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले उत्पादक र उपभोग्य राज्यहरू बीचको मूल्य अन्तरलाई कम गर्न सरकारले यातायात र भण्डारण को लागत बेहोर्ने बताउनु भएको छ। नयाँ दिल्लीमा आज राज्य र केन्द्र शासित प्रदेशका कृषिमन्त्रीहरूसँगको समीक्षा बैठकमा श्री चौहानले यस वर्ष कृषि क्षेत्र र सम्बद्ध क्षेत्रको वृद्धिदर ३.५ प्रतिशतदेखि ४ प्रतिशतको बीचमा रहने बताउनु भएको छ। उहाँले प्रधानमन्त्री किसान सम्मान निधि अन्तर्गत ११ करोड किसानहरुलाई १८ किस्तामा लगभग ३.४६ लाख करोड रुपियाँ वितरण गरिएको जानकारी दिनुभएको छ।

**केन्द्रीय कपडा मंत्री -पश्चिम बङ्गाल**

केन्द्रीय कपड़ा मन्त्री गिरिराज सिंहले श्रमिकहरुको पीएफ र ग्रेज्युटी नबुझाउने जुट मिल मालिकहरूलाई सरकारले कडा कारबाही गर्ने बताउनु भएकोछ। पश्चिम बङ्गालको नादिया जिल्लाको फुलियामा आज आयोजित कार्यक्रममा मंत्री श्री सिहले यस

आशयाको जानकारी दिनुभएको हो। उहाँ इन्डियन इन्स्टिच्युट अफ ह्यान्डलूम टेक्नोलोजी को नवनिर्मित भवनको उद्धाटन समारोहमा उपस्थित हुनुहुन्थ्यो। यो हथकरघा र टेक्सटाइल टेक्नोलोजीको क्षेत्रमा एक प्रमुख संस्थान हो।

## प्रधानमन्त्री शोक व्यक्त

वरिष्ठ वैज्ञानिक तथा परमाणु कार्यक्रममा प्रमुख भूमिका निर्वाह गर्नुहुने डाक्टर राजगोपाल चिदम्बरमको आज बिहान मुम्बईको एक अस्पतालमा निधन भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले वरिष्ठ वैज्ञानिक डा राजगोपाल चिदम्बरमको निधनमा दुःख व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभएको छ- राजगोपाल चिदम्बरमले भारतको परमाणु कार्यक्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ।

## प्राथमिक शिक्षक भर्ती

पश्चिम बंगाल प्राथमिक शिक्षक भर्ती घोटालामा सीबीआईले पूर्व शिक्षा मन्त्री पार्थ च्यटर्जी र प्राथमिक शिक्षा परिषदका पूर्व अध्यक्ष माणिक भट्टचार्यमाथि षड़यन्त्र रचेको आरोप लगाएको छ। केन्द्रिय एजेन्सीको दावी छ, भर्ती प्रक्रियामा एक अंक दिनेलाई लिएर षड़यन्त्र भयो जसले गर्दा 158 जना योग्य उम्मेद्वारहरूलाई नियोजित रूपमा वञ्चित बनाइयो।सीबीआईद्वारा अदालतमा दर्ता आरोप पत्र अनुसार वर्ष 2014-को टी.ई.टी परीक्षाको आधारमा वर्ष 2017-मा प्राथमिक शिक्षकहरूको भर्ती प्रक्रिया भएको थियो। यस अवधि बंगाली माध्यमको प्रश्नपत्रलाई लिएर विवाद भयो जसमा दुईवटा उत्तर विकल्पलाई सही मानियो। तर शिक्षा परिषदले दोस्रो विकल्पलाई नै सही मानेर अंक दियो भने पहिलो विकल्पलाई चयन गर्ने उम्मेद्वारहरूलाई अंक प्राप्त भएन। पछि विवाद बढ़ेपछि परिषदले पहिलो विकल्पलाई नै मान्यता दिने फसेला लियो तर यसको लागि चारवटा शर्तहरू राखियो। यी शर्तहरूको आधारमा 428 जना उम्मेद्वारहरू अतिरिक्त अंकका पात्र थिए तर परिषदले 270 जनालाई मात्र चयन गऱ्यो जसमध्ये 264 जनालाई मात्र नियुक्ति दिइयो।

## मिरिक -अनित थापा -उद्धाटन

मिरिक महकुमाको सौरैनी समष्टि अन्तर्गत घैयाबारी शान्ती टोलमा आज जीटीए प्रमुख कार्यपाल अनित थापाको उपस्थितिमा नवनिर्मित सार्वजनिक भवनको उद्धाटन गरियो। उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुदै जीटीए प्रमुख कार्यपाल अनित थापाले सौरैनी समष्टिमा पर्याप्त बिकास कार्य भएको बताउनु भएको छ। उहाँले उक्त भवन शान्ति टोल घैयाबारीलाई नयाँ वर्षको उपहार सहित समर्पण गरिएको घोषणा गर्नुभयो। श्री थापाले पहाडमा धेरै सामुदायिक भवन निर्माण भएको छ तर यसको सहि ढंगमा प्रयोग हुन नसकेको कारण कतिपय भवनहरु माकुरोको जालोले पुरिने अवस्थामा पुगेको बताउनु भएको छ। उहाँले समाज घरलाई केवल विवाह भोज खुवाउने र अन्त्येष्टि क्रिया गर्ने ठाउँ मात्र नबनाई समाजको नानीहरूको निम्ति पनि प्रयोग भएको हुनुपर्ने कुरामा जोड दिनुभएको छ। श्री थापाले गाउँ घरमा स्थानीय मानिसको निम्ति कार्यक्रम भई रहे मात्र समाज घरको सहि प्रयोग हुने बताउनु भएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुदै श्री थापाले सङ्गठनलाई सिस्टम अनुरूप चलाउन सङ्गठनलाई सुदृडीकरण गर्न आवश्यक रहेको जसको लागी श्री थापाले अन्जुल चौहानलाई मिरिक महकुमाको पर्यवेक्षकको रूपमा नियुक्त गरिएको र अन्जुल चौहानको नेतृत्वमानै एक महिना भित्र पूर्णाङ्क समिति गठन गरिने बताउनु भएको छ। उहाले मिरिक महकुमा अनि सौरैनी समष्टि अध्यक्ष अनि महासचिव पदको घोषणा पनि गर्नुभयो। उहाँले उपस्थित जनसमुहलाई सम्बोधन गर्नुहुदै क्षेत्रमा काम गर्ने तरिकामा परिवर्तन ल्याउन पर्ने तथा विकास कार्य गुणात्मक हुनपर्ने कुरामा जोड दिनु भएको छ।

## दार्जीलिंग -माटोको माया -सहयोग

विगत लामो समयदेखि विभिन्न समाजिक क्षेत्रमा काम गर्दै आइरहेका दार्जिलिङ माटोको माया सेवा संस्थाले बिजनबारी शाखा, सुनदह शाखा अनि सिङ्गापुर शाखाको सहयोगमा हाउस आफ जोयकमा बस्दै आइरहेका वृद्धवृद्धाहरू अनि असाहय नानीहरूलाई न्यानो लुगाफाटा, अवश्यक खाध्य सामग्री सहित बिधार्थीहरूको लागी कपी,कलम प्रदान गरेको छ। संस्थाका प्रमुख दिवस दियालीले यस आशयको जानकारी दिनुभएको छ।

**सुके पोखरी-सडक मर्मत**

सुके पोखरी खण्ड अन्तर्गत राङभाङ गोपालधारा ग्राम पन्चायत अधिनस्थ अप्पर मजुवा, लोवर मजुवा, बीच गाउँ अनि मुखिया गाउँलाई जोड्ने बाटोको मरम्मति कार्य सम्पन्न गरिएको छ। मिलन संघ युथ क्लबद्वारा आज मजुवादेखि मुखिया गाउँ, अन्य गाउँ जाने मुल बाटोको मरमती गर्ने कार्य भएको छ। बिगत धैरै बर्षदेखि बाटो बिग्रिएको कारण आउजाउ गर्न जनसाधारणलाई धैरै असुविधा भइरहेको थियो, यस स्थितिलाई मध्येनजर राखेर स्थानीय गाउँवासीद्वारा श्रमदान दिएर मर्मत कार्यलाई सफलतापूर्वक सम्पन्न गरिएको जानकारी प्राप्त भएको छ।

**सिक्किम जोरथांग -माघे मेला**

सिक्किमको जोरथाङमा आगामी १४ जनवरीदेखि सुरु हुने माघे मेलाको प्रचार प्रसार गर्न आज जोरथाङ माघे मेला आयोजक समितिले कालेबुङमा बाइक र्‍यालीको आयोजना गरेको छ। दार्जीलिङ–कालेबुङका विभिन्न क्षेत्रमा मेलाको प्रवर्धन गर्न गाडी र ६० वटा मोटरसाइकलको र्‍यालीले कालेबुङ शहरको भ्रमण गरेको आयोजक समितिका सांस्कृतिक सचिव दीपेन छेत्रीले बताउनु भएको छ।

**कालेबुंग -पुजा पाठ**

कालेबुंगको श्री सिम्ले सिंह देवी पूजा समितिको आयोजनामा सार्वजनिक देवी पूजा भक्तिभावपूर्वक सम्पन्न गरिएको छ। विगत धैरै दशकदेखि टारी गाउँको सिम्ले सिंह देवी स्थानमा पूजा पाठ गरिँदै आइरहेको छ। शुरुका दिनहरुमा भने सिक्तेल परिवारद्वारा नै उक्त देवीथानमा निजी रूपमा पुजा गरिँदै आइरहेको थियो भने ८० को दशकदेखि भने यसलाई सार्वजनिक रूप दिएको बताइएको छ।

**तीनधारे -जर्जियन एफसी**

जर्जियन एफसी कालेबुङ तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टको फाइनलमा प्रवेस गर्ने पहिलो टिम बनेको छ। युनाइटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको आयोजनामा तीनधारेको मिठाईडाँडा खेल मैदानमा भईरहेको तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्ट अन्तर्गत आज पहिलो सेमी फाइनल जर्जियन एफसी कालेबुङ र ब्राइट स्पोर्टिङ्ग क्लब सिलगढी माझ सम्पन्न भयो। यस म्याचमा म्यान अफ् द म्याच जर्जियन एफसी कालेबुङको प्रवेश रोयलाई चयन गरियो आजको म्याचमा मुख्य अतिथिको रुपमा बिन्नी शर्मा अनि विशिष्ट अतिथिको रुपमा विराज प्रधान उपस्थित हुनुहुन्थ्यो। भोलि दोस्रो सेमी फाइनल युनाइटेड एफसी दार्जिलिङ र युकेएफसी खरसाङमाझ सम्पन्न हुने युनाइटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको सचिव रञ्जित थापाले जानकारी दिनुभएको छ।

**सिलगडी -ट्रेन दुर्घटना**

ट्रेनले काटेर आज एक अज्ञात व्यक्तिको मृत्यु भएको छ। यो घटना सिलगढ़ी महकुमाको खोरीबारी बतासे रेलवे स्टेशनमा भएको हो। उक्त व्यक्तिको मृत्यु आज सिलगढ़ीदेखि कटिहार गइरहेको ट्रेनको चपेटमा परेर भएको समाचार प्राप्त भएको छ। हो।

****** ० ******